श्री

# कपिलवस्तु जिल्ला अदालत

## तौलिहवा

तौलिहवा,कपिलवस्तु
०७६-५६१०१०
फ्याक्स ०७६-५६०१३१
Email:infodckapilvastu@dcourt.gov.n

प.सं.:-०७४/०७५

तहशिल शाखा

च.नं.:-

मितिः- २०७४।१२।८

### विषयः दण्ड जरिवाना छुट सम्वन्धी सूचना।

यस अदालतवाट विभिन्न मितिमा दायर भई फैसलासमेत भएका फौजदारी तथा देवानी मुद्दाहरुमा तथा अन्य अदालतबाट लगत प्राप्त भई यस अदालतमा लगत कायम भएका मुद्दाहरुमा लागेको दण्ड जरिवाना वा सरकारी विगो बुझाउन बाँकी व्यक्तिहरुले लागेको दण्ड,जरिवाना वा सरकारी बिगो आफै बुझाउन आएमा छुट दिने सम्वन्धी सुचना जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ अनुसार सुचना जारी गर्ने गरी मिति २०७४।१२।८ मा निर्णय भएकोले सम्वन्धित सवैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। सो बमोजिमको छुटको सनुचित सुविधा लिनुहुन सम्वन्धित सवैमा हार्दिक आग्रह गर्दछौ।

क.सूचना जारी भएको मितिले १ महिनाभित्र बुझाउन ल्याएमा १५ प्रतिशत
ख. दुई महिनाभित्र बुझाउन ल्याएमा १३ प्रतिशत
ग. तीन महिना भित्र बुझाउन ल्याएमा ११ प्रतिशत
घ. चार महिनाभित्र बुझाउन ल्याएमा ९ प्रतिशत
ङ. पाँच महिनाभित्र बुझाउँन ल्याएमा ७ प्रतिशत
च. छ महिनाभित्र बुझाउन ल्याएमा ५ प्रतिशत

अदालतको फैसलाबाट लागेको कैद, जरिवाना तथा सरकारी बाँकी बुझाउनुपर्ने व्यक्ति, संस्थालाई अदालतले प्रोत्साहन रकम उपलब्ध गराउने गरेको, र पक्राउ पर्ने व्यक्तिलाई कैद लागेको भए प्रतिमहिना कैदका लागी रु १५०( एक सय पचास) तथा जरिवाना वा सरकारी बिगो भए नगद असुल भएको रकमको पच्चीस प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईने हुँदा अदालतबाट कैद वा जरिवाना लागेको व्यक्तिलाई पक्राउ गरी असुल गर्ने कार्यमा सहयोग गर्नहुन अनुरोध गरिन्छ।

रामबन्धु गौतम
तहसिलदार